# स्थानीय राजपत्र

## पाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी

सदुरपश्चिम प्रदेश, नेपाल

# विद्यालय लेखापरीक्षण कार्यविधि, २०८२

**भाग २ , खण्ड ९ , संख्या १**

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/१०/०२ गते**

**प्रकाशन मिति :२०८२ माघ ०८ गते बिहिबार**

# विद्यालय लेखापरीक्षण कार्यविधि, २०८२

स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ११ (२) मा रहेको विद्यालय शिक्षा सम्वन्धी काम , कर्तव्य र अधिकार एवम् पाटन नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ को दफा(४९) को उप दफा ( १ ) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा नं १०२ को (२ ) ले दिएको अधिकार प्रयोग गरी विद्यालय लेखापरीक्षण कार्यविधि , २०८२ जारी गरी लागु गरिएको छ।

## परिच्छेद -१

१. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम विद्यालय लेखापरीक्षण कार्यविधि ,२०८२ रहेको छ।

ख) यो कार्यविधि पाटन नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ,-

क) "ऐन" भन्नाले पाटन नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ सम्झनुपर्दछ।

ख) "न. पा."- भन्नाले पाटन नगरपालिकालाई सम्झनुपर्छ।

ग) "प्रमुख" - भन्नाले पाटन नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

घ) उप प्रमुख – भन्नाले पाटन नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ।

ङ) प्रमुख प्रशासकीय अधिकृत - भन्नाले पाटन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च) शिक्षा युवा तथा खेलकुद शाखा – भन्नाले पाटन नगरपालिका अन्तरगतको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ।

छ) शाखा प्रमुख – भन्नाले पाटन नगरपालिका अन्तरगतको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख लाई सम्झनुपर्दछ।

ज) लेखापरिक्षण – भन्नाले विद्यालयको अन्तिम लेखापरीक्षण कार्यलाई जनाउदछ।

झ) लेखापरीक्षक भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि प्रमाण पत्र प्राप्त व्यक्ति/संस्था। कम्पनी वा फर्मलाई जनाउँदछ।

## परिच्छेद – २

लेखापरीक्षक सम्बन्धी व्यवस्था

२. नगरपालिकाले प्रत्येक आर्थीक वर्षको विद्यालयहरुको अन्तिम लेखापरीक्षण गर्नको लागि इच्छुक लेखापरिक्षकबाट निवेदन मागको लागि १५ दिने सूचना प्रकाशन गर्ने छ।

३. लेखापरीक्षक निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु:

क) लेखापरीक्षकको नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।

ख) आन्तरिक राजश्व कार्यालयवाट कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

ग) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

घ) लेखापरिक्षक वहालवाला कर्मचारी भएमा विभागीय स्वीकृतिको पत्रको प्रतिलिपि

ङ) अन्य आवश्यक कागजपत्रहरु।

४. विद्यालयको लेखापरीक्षण सम्वन्धी निवेदनको ढाँचा र सिफारिसको ढाँचा क्रमश: अनुसूची एक र दुई बमोजिम हुने छ।

# परिच्छेद – ३

लेखापरीक्षक छनौट समिति

५. लेखापरीक्षक छनौट समिति देहाय बमोजिम हुने छ :

संयोजक – प्रमुख प्रशासकीय अधिकृत

सदस्य – सामाजिक विकास समिति संयोजक

सदस्य – माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्ये वरिष्ठ प्रधानाध्यापक

सदस्य – लेखा अधिकृत (आर्थिक प्रशासन शाखा प्रमुख )

सदस्य सचिव – शिक्षा शाखा प्रमुख

लेखापरीक्षक छनौट समितिको बैठकमा नगर प्रमुख र नगर उप प्रमुखलाई आमन्त्रित गरिने छ।

माथि उल्लेखित लेखापरीक्षक छनौट समितिको काम , कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) प्रत्येक आर्थिक वर्षमा लेखापरिक्षकलाई नियुक्ति दिने र तोकिएको विद्यालयको लेखापरीक्षण लेखापरिक्षकले तोकिएको समयमा गरि सक्नु पर्नेछ।

ख) लेखापरीक्षक छनौटका लागि मापदण्ड एवम् सूचक तयार गरी कार्यान्वयन गर्ने ,

ग) प्राप्त आवेदन उपर छानबिन गर्ने ,

घ) लेखापरीक्षक नियुक्ति गरी सम्वन्धित लेखापरीक्षक र विद्यालयलाई लिखित जानकारी गराउने ,

ङ) लेखापरीक्षण सम्वन्धमा आइपरेका समस्याउपर लेखापरीक्षक छनौट समितिको बैठक बसी आवश्यक निर्णय गर्ने,

च) विद्यालयहरुको स्थलगत अध्ययन गरी लेखा एवम् लेखापरीक्षण सम्वन्धमा अनुगमन निरीक्षण गर्न सक्ने छ ,

छ) नगर कार्यपालिकाले तोकेको लेखापरीक्षण सम्वन्धी अन्य कार्य गर्ने ,

ज) नगरपालिकामा निवेदन दिएका लेखापरीक्षकहरुमध्येबाटलेखापरीक्षण समितिले विद्यालयको लेखापरीक्षक तोक्ने छ।

झ) तोकिएको अवधि भित्र लेखापरीक्षकको नामावली प्राप्त नभएमा माथि उल्लेखित समितिले लेखापरीक्षक छनौट गर्ने ,

६. लेखापरीक्षण छनौट समितिको सिफारिस बमोजिम प्रमुख प्रशासकीय अधिकृतले लेखापरीक्षकको नियुक्ति दिने छ।

# परिच्छेद -४

लेखापरीक्षक पारिश्रमिक

७. लेखापरीक्षण गरेबापत सम्वन्धित विद्यालयबाट लेखापरीक्षकले देहाय बमोजिमको पारिश्रमिक पाउने छ।

क) सुरु रकमको रु २५,००,०००।( पच्चीस लाख ) सम्म को रु ५०००।–पारिश्रमिक

ख) त्यसपछिको प्रत्येक रकम रु १०,००,०००।– ( दश लाख मात्र ) सम्मको कारोवारमा थप रु १०००।–( एक हजार) का दरले लेखापरीक्षण पारिश्रमिक सम्बन्धित विद्यालयले दिनुपर्ने छ।

ग) उक्त पारिश्रमिक रकममा नियमानुसार आयकर कट्टी हुने छ।

घ) विद्यालयहरुले यस कार्यविधिमा तोकेको रकम भन्दा बढी पारिश्रमिक दिन पाउने छैनन्।

८. लेखापरीक्षकले माथि उल्लेखित रकम भन्दा बढी रकम विद्यालयसंग दाबी गर्न पाइने छैन। लेखा परीक्षकले नियमानुसार हुन आउने रकम भन्दा बढी माग गरेमा सम्बन्धित विद्यालयले रकम भुक्तानी गर्नु पर्ने छैन। उक्त लेखापरीक्षकको नियुक्ति रद्द गरिनेछ।

## परिच्छेद -५

लेखापरीक्षण प्रतिवेदन उपर कारवाही

९. लेखा परीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएको भनि सम्वन्धित विद्यालयले महशुस गरेमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन दिनु पर्ने छ र शिक्षा युवा तथा खेलकुद शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृतले आवश्यक निर्देशन तथा सुझाव दिनेछ।

## परिच्छेद -६

१०. अन्तिम लेखापरीक्षणवाट कायम भएका बेरुजुको प्रमाण पेस वा नियमित गरी गराई वा असुल उपर गरी फछर्यौट गर्ने दायित्व सम्बन्धित विद्यालयको हुने छ।

११. बेरुजु फछर्यौट गरी सम्परीक्षण गराउने दायित्व भएको अधिकार प्राप्त प्रधानाध्यापक वा कर्मचारी सरुवा बढुवा वा अवकाश भई विद्यालय छाड्नु पर्दा निजले फछर्यौट गर्न बाँकी रहेको बेरुजुलगत तथा कारोबार सम्बन्धि कारवाही सम्पूर्ण विवरण खोली बहालवाला जिम्मेवार प्राप्त प्रधानाध्यापकलाई बुझाउनुपर्नेछ। जिम्मेवार प्राप्त प्रधानाध्यापकले उपर्युक्त बमोजिम बुझिलिइ बेरुजु फर्छौट गर्नु गराउनुपर्ने छ।

## परिच्छेद -७

विविध

१२. एउटै लेखापरीक्षकलाई एउटै विद्यालयमा लगातार तीन पटक भन्दा बढी नियुक्ति गर्न पाइने छैन।

१३. पाटन नगरपालिकाबाट खटाइएको लेखापरीक्षक मार्फत लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालयको कर्तव्य हुने छ।

१४. पाटन नगरपालिकाबाट खटाइएको लेखापरीक्षकवाट लेखापरीक्षण नगराएमा उक्त विद्यालयको निकासा पाटन नगरपालिकाले रोक्का गर्न सक्ने छ।

१५. लेखापरीक्षकले लेखापरिक्षण गर्न पुर्व विद्यालय व्यवस्थापन समितिको बैठक बसी प्रारम्भिक निर्णय र लेखापरीक्षण गरि सकेपछि प्रतिवेदन विद्यालय व्यवस्थापन समितिको बैठकमा पेश गर्नु पर्ने छ।

१६. यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै कार्यविधि बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन।

अनुसूचीहरु:

अनुसूची नं. १

मिति –

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

पाटन नगर कार्यपालिकाको कार्यालय

पाटन नगरपालिका बैतडी

विषय- लेखापरीक्षकको नियुक्ति पाऊँ।

महोदय,

उपरोक्त सम्वन्धमा पाटन नगरपालिकाको मिति २०। । ।गते प्रकाशित सूचना अनुसार त्यस नगरपालिकाको लेखापरीक्षण कार्यविधि २०८२ बमोजिम विद्यालय लेखापरिक्षणको लागि इच्छुक भएकोले विद्यालय लेखापरीक्षणको लागि यो निबेदन पेश गरेको छु।

निवेदक

नाम-

चार्टर उकाउण्टेन्स/ रजिष्टर्ड लेखापरीक्षण द नं –

सम्पर्क नं –

संलग्न कागजातहरु

१. ………………………………….

२. ……………………………………

३. ……………………………………

४. ………………………………….

अनुसूचीहरु:

अनुसूची नं. २

मिति –

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पाटन नगर कार्यपालिकाको कार्यालय
पाटन नगरपालिका बैतडी

विषय- लेखापरीक्षकको नामावली सिफारिस गरिएको सम्वन्धमा ।

महोदय,

प्रस्तुत विषयमा पाटन नगरपालिकाको मिति २०।...। .... गतेको प्रकाशित सूचना अनुसार विद्यालय व्यवस्थापन समितिको मिति २०८२। ....।..। गतेको निर्णय अनुसार आ व २०।...। को अन्तिम लेखापरीक्षणको लागि तपशिलका लेखापरिक्षकहरुलाई नियुक्तिको लागि सिफारिस गरिएको व्यहोरा आवश्यक कागजात सहित पठाएको व्यहोरा अनुरोध छ ।

तपसिल

| क्र सं | नाम | प्र प नं | मोवाइल नं | ठेगाना |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

..................

प्र अ

आज्ञाले
टेकराज अर्याल
प्रमुख प्रशासकीय अधिकृत